" कृषि, पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार "
स्थानीय सरकार
मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, (नेपाल)

प.सं. : २०८३/०८४
च.नं. :

मिति : २०८३/०६/११
ने. स. : ११४६ ञँलाथ्व

## विषय : बेरोजगार युवा युवती तथा रोजगारदाताहरुको लागि अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा युवा, श्रम तथा रोजगार मन्त्रालयको च.नं. १८ मिति २०८३/०६/०५ को पत्र बमोजिम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालयको आयोजनामा हुने सुनसरी जिल्लाको इटहरी उप महानगरपालिकामा यही मिति २०८३/०६/१४ देखि २० गते सम्म सञ्चालन हुन गईरहेको सीप तथा रोजगार मेला २०८३ मा सहभागी हुन www.jobfair.shramsansar.gov.np वा दिइएको QR कोड स्क्यान गरी अनलाइन फाराम भरी श्रमसंसार प्रणालीमा दर्ता हुनको लागि यस मिक्लाजुङ गाउँपालिका भित्र वा बाहिर बसोबास गर्ने बेरोजगार व्यक्तिहरुले रोजगारदाता (Job Provider) को माग र सीप/रोजगार खोजकर्ता (Skill/Job Seeker) को योग्यता, अनुभव, सीप र रुचिको आधारमा सीप विकास, प्रशिक्षण/प्रमाणीकरण सम्बन्धी कार्यका साथै रोजगार मिलान (Job matching) तथा सिफारिस गर्न तपाईंको सक्रिय उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**रोजगार मेलाको आकर्षणहरु:-**

- सीपमूलक तालिममा सहभागी बन्ने अवसर।
- रोजगारदाता र कम्पनीहरुसँग भेटघाट।
- प्रत्यक्ष रोजगारीको अवसर।
- उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम।
- युवा लक्षित विशेष कार्यक्रम।
- आफूसँग भएका विभिन्न सीप प्रमाणीकरण।
- रोजगारदाताले चाहे बमोजिमको कामदार प्राप्त गर्ने अवसर।
- बेरोजगार व्यक्तिको योग्यता र सीप बमोजिमको जब म्याचिङ।

..................
दुर्ग प्रसाद लिम्बु
रोजगार संयोजक

..................
२०८३/०६/११
सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत